नगरपालिकाको संक्षिप्त विवरण

"स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ

नगरपालिकाको नाम	**बूढानीलकण्ठ नगरपालिका**	
स्थापना वर्ष	वि.सं.२०७१ साल मंसिर १६ गते	
प्रदेश नं	३	
जिल्ला	काठमाडौँ	
वडा सङ्ख्या	१३	
जम्मा परिवार सङ्ख्या	३२०३९	
जनसङ्ख्या	१५३३०३	
महिला	७७०५२	
पुरुष	७६२५१	
प्रमुख भाषा	नेपाली, नेवारी,राई, शेर्पा,गुरूङ,मगर,तामाङ आदि	
प्रमुख धर्म	हिन्दु, किराँत, बौद्ध, इसाई आदि	
प्रमुख व्यवसाय	नोकरी, कृषि, व्यापार, वैदेशिक रोजगारी आदि	
मुख्य बाली	धान, मकै, गहुँ, आलु, कोदो, फापर र दलहन तथा तेलहन	
तापक्रम	अधिकतम २८ डिग्री सेन्टिग्रेड र न्यूनतम ३ डिग्री सेन्टिग्रेड	
हावापानी	समशीतोष्ण	
क्षेत्रफल वर्ग कि.मि.	३४.८०	
	आवास तथा वस्ती क्षेत्र	१२.६७
	कृषि क्षेत्र	६.८
	वन क्षेत्र	९.८७
	घाँसे क्षेत्र	०.२२
	झाडी क्षेत्र	५.००४
	नदीनाला तथा पोखरी	०.१७
	अन्य (बगर तथा भीर क्षेत्र)	०.०२
भौगोलिक अवस्थिति	२७°४३'१९" उत्तरी अक्षांशदेखि २७°४८'५०" उत्तरी अक्षांश र ८५°२०'९" पूर्वी देशान्तरदेखि ८५°२३'२८" पूर्वी देशान्तरसम्म ।	
उचाइ	१२८९-२६९९ (समुद्र सतह देखि)	
सिमाना	पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिका, पश्चिमतर्फ टोखा नगरपालिका, उत्तरतर्फ नुवाकोट जिल्ला, दक्षिणमा काठमाडौँ महानगरपालिका र टोखा नगरपालिका ।	
प्रमुख जातजाती	ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, भुजेल, राई, शेर्पा, मगर, वि.क., परियार, नेपाली आदि	
सामुदायिक भवन तथा सरकारी कार्यालय	८७	
सामुदायिक बिद्यालय सङ्ख्या	१९	
साक्षरता	९३.०६ प्रतिशत	
स्वास्थ्य संस्था	८	
प्रमुख खोला नदीहरू	बिष्णुमती, बागमती, धोबी खोला, ज्याम्ले खोला, रुद्रमती, यज्ञमती	

बूढानीलकण्ठ नगरपालिकाको चिनारी

२.१ भौगोलिक अवस्थिति तथा राजनैतिक अवस्थिति

प्रदेश न. ३ काठमाडौँ जिल्लामा अवस्थित बूढानीलकण्ठ नगरपालिका नेपाल सरकार, तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ मङ्सिर १६ गतेको मन्त्रीस्तरीय निर्णयबाट चपली, भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णुबूढानीलकण्ठ र कपन गरी ६ वटा गा.वि.स.हरू मिलाएर १९ वडामा बिभाजन गरी प्रशासकीय हिसावले समायोजन गरिएको थियो । तर नेपाल सरकारको



Wardwise Area(in sq. km)													
Ward No	1	2	3	4	5	6	7	8	9	10	11	12	13
Area	4.67	1.60	4.24	1.97	7.77	1.31	0.88	3.43	0.68	0.89	3.42	0.34	3.60

Data Source: Government of Nepal, Survey Department

मिति २०७१ फाल्गुन २७ गतेको निर्णयले साविककै १९ वटा वडाहरूलाई १३ वटा वडाहरूमा पुनःसमायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिकामध्येको एक नगरपालिका हो । बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । नेपालको राजधानीमा अवस्थित काठमाडौँ जिल्लाका ११ वटा स्थानीय सरकारमध्ये (महानगरपालिका बाहेक) जनसङ्ख्याको आधारमा सबैभन्दा ठुलो यस नगरपालिकाको उत्तरतर्फ नुवाकोट जिल्लासँग जोडिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौँ महानगरपालिकाको वडा नम्बर ३,४,६,७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पर्दछ भने पूर्वतर्फ गोकर्णेश्वर

नगरपालिका र काठमाडौँ महानगरपालिकाको वडा नम्बर ६ सँग जोडिएको छ । काठमाडौँ उपत्यकाका थुप्रै धार्मिक स्थलहरूमध्ये बूढानीलकण्ठ नगरपालिका पनि महत्वपूर्ण मानिन्छ । उत्तरी भागमा शिवपुरीका फेदीमा रहेको यो स्थल शैव, वैष्णव, र बौद्ध धर्मालम्बीको आस्थाको क्षेत्र हो । आवासीय क्षेत्र धेरै रहेको यस नगरपालिकाको उत्तरतर्फ शिवपुरी पर्वत श्रृङ्खला लगायत हरियाली जङ्गल रहेको यस नगरपालिकामा भिरालो भूभाग पनि रहेको छ भने दक्षिणतर्फ समथर भूभाग रहेको र अधिकांश भुभाग बाक्लो बस्तीले ढाकेको छ । यस क्षेत्रबाट विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती जस्ता नदीखोलाहरू बगेर गएका छन् ।

यस नगरपालिकाभित्र प्रसिद्ध बूढानीलकण्ठ मन्दिर चण्डेश्वर मन्दिर, रूद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण जस्ता देवदेवीका मन्दिरहरू रहेका छन् । बौद्धमार्गीहरूका चर्चित सार्वजनिक गुम्बा श्री डाङ्यूर झयाङ्गतेरा दार्ग्यालिङ गुम्बा, आनी गुम्बा लगायत बौद्ध मठहरू रहेका छन् । त्यस्तै, विभिन्न धर्मालम्बीहरूका आस्थाका केन्द्रहरू समेत रहेका छन् । विश्वमान चित्रमा यस बूढानीलकण्ठ नगरपालिकाको भौगोलिक अवस्थिति २७ डिग्री ४३ मिनेट १९सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिकाको उचाइ समुन्द्री सतहदेखि १२८९ देखि २६९९ मिटरसम्म रहेको छ भने कुल क्षेत्रफल ३४.८० वर्ग किमि रहेको छ ।

२.२ प्रशासनिक विभाजन

नेपाल सरकारको मिति २०७१ फाल्गुन २७ को निर्णयले साविककै १९ वडालाई १३ वडा मा पुनः समायोजन गरी यसको अन्तिम प्रशासकीय ढाँचा तयार गरिएको हो । बूढानीलकण्ठ नगरपालिका नेपालकै ऐतिहासिक नगरपालिका मध्येको एक नगरपालिका हो । बूढानीलकण्ठ नगरपालिका एक प्रसिद्ध धार्मिक नामबाट नामकरण भएको देशकै महत्वपूर्ण स्थानीय सरकार हो । हाल यस नगरकार्यपालिकाको कार्यालय ८ नं.वडा गोल्फुटारमा रहेको छ । नगरपालिकाका वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छ :

वडा कार्यालय सम्बन्धी विवरण

वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत	वडा नं.	वडा कार्यालय रहेको स्थान	कैफियत
१	तौलुङ्ग	भाडामा	८	गोल्फुटार	आफ्नै
२	चपली घुम्ती	आफ्नै	९	मन्डिखाटार, कुमारीमार्ग	आफ्नै
३	नारायणस्थान	भाडामा	१०	आकाशेधारा कपन	आफ्नै
४	पासिकोट	भाडामा	११	शङ्खरेडाँडा कपन	आफ्नै
५	विष्णुमती खोला, दुलालटोल	आफ्नै	१२	दुर्गा मन्दिर	सामुदायिक भवन
६	खड्का भद्रकाली	सामुदायिक भवन	१३	चुनीखेल	आफ्नै
७	हात्तीगौडा, डठुगाउँ	भाडामा			

साविकका गा.वि.स हरु नगरपालिका हुँदा हालको वडा नम्बरः

वडा कार्यालय	साविक गाविस हुँदाको वडा	स्थानीय निकाय हुँदाको वडा	स्थानीय तह हुँदाको वडा
चपली भद्रकाली	१,२,३,४,५	१	१
	६,७	२	२
	८,९	३	
बूढानीलकण्ठ	१,२,३	४	३
	४,५,६	५	४
	७,८,९	६	५
खड्का भद्रकाली	१,२,३,४,५	७	६
	६,७,८,९	८	७
महाङ्काल	१,२,३,४	९	८
	५,६,७	१०	९
	८,९	११	
कपन	३	१२	१०
	१	१४	१२
	४,५	१३	११
	२,६	१८	
	७,८,९	१९	
चुनिखेल	१,२,३	१५	१३
	४,५,६	१६	
	७,८,९	१७	



क्र.सं.	नयाँ वडा	समावेश गाविस/नगरपालिका	क्षेत्रफल वर्ग (कि.मी.)
१	१	बूढानीलकण्ठ (१)	४.६७
२	२	बूढानीलकण्ठ (२,३)	१.६
३	३	बूढानीलकण्ठ (४)	४.२४
४	४	बूढानीलकण्ठ (५)	१.९७
५	५	बूढानीलकण्ठ (६)	७.७७
६	६	बूढानीलकण्ठ (७)	१.३१
७	७	बूढानीलकण्ठ (८)	०.८८
८	८	बूढानीलकण्ठ (९,१०)	३.४३
९	९	बूढानीलकण्ठ (११)	०.६८
१०	१०	बूढानीलकण्ठ (१२)	०.८९
११	११	बूढानीलकण्ठ (१३,१८,१९)	३.४२
१२	१२	बूढानीलकण्ठ (१४)	०.३४
१३	१३	बूढानीलकण्ठ (१५,१६,१७)	३.६
जम्मा			**३४.८०**

२.३ चिनारी तथा नामाकरण



बूढानीलकण्ठ नगरपालिका काठमाडौँ जिल्लामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थलले परिचित नगरपालिका हो । यो नगरपालिका काठमाडौँ देखि उत्तरतर्फ शिवपुरी डाँडाको काखमा अवस्थित छ । यही देवस्थलको स्थानलाई बूढानीलकण्ठ पनि भनिन्छ । पौराणिक कथन अनुसार समुद्र मन्थन गर्दा बहुमूल्य रत्नहरू र अमृतसमेत उपलब्ध हुँदा भयङ्कर कालकूट विष अगाडि पर्न आएकोले देवता र असुरहरूबीच कोलाहल मच्चियो र भगवान् शिवले कोलाहललाई साम्य पार्न उक्त विष पान गर्नुभयो तर उक्त विष निल्न उपयुक्त नभएकोले आफ्नो घाँटीमा अड्काएर राख्नुभयो । विषको प्रभावले शिवको घाँटी नीलो भयो र किम्बदन्तीअनुसार त्यसैले उहाँलाई नीलकण्ठ भनियो । भगवान बूढानीलकण्ठको मूर्ति निकै पुरानो हो तर यो कुन समयमा, कसले बनाएका हुन् सो कुराको कसैलाई ज्ञान छैन । किम्बदन्ती अनुसार एक जना किसानले आफ्नो खेत खन्दा उक्त मूर्तिको खुट्टाको औँलामा चोट लाग्न गई रगतसमेत देखिएकाले पछि सो स्थानमा उत्खनन् गरी हेर्दा उक्त विशाल मूर्ति भेटिएको थियो । देवमाला वंशावलीमा उल्लेख भए अनुसार राजा श्रृषभदेवले बूढानीलकण्ठको स्थापना गरेका हुन् भन्ने कुरा उल्लेख छ तर उनले उत्खनन् गरी जमिनमुनिबाट वा कुनै सिल्पद्धारा बनाउन लगाई प्रतिष्ठित के गरेका हुन् स्पष्ट लेखिएको छैन । विक्रम

संवत ३९८ मा राजा मानदेव प्रथमले धेरै शिवलिङ्गहरूको स्थापना गरे भन्ने त छ तर नीलकण्ठबारे केहीँ उल्लेख छैन । राजा प्रतापमल्लले बूढानीलकण्ठको उक्त भव्य मूर्तिलाई त्यहाँबाट हनुमानढोका दरबार लगी चोकमा राख्न एवं प्रतिस्थापन गर्न चाहन्थे । त्यतिकैमा राजालाई सपनामा यो मूर्ति यहाँबाट कहीँ नलग्नु, स्थानान्तरण नगर्नू र तिमी र तिम्रा उत्तराधिकारीहरूले यो मूर्तिको दर्शन पनि नगर्नु, गरेमा अनिष्ठ हुनेछ भन्ने किम्बदन्ती छ । यसैले उनले हनुमानढोका दरबार परिसरमा बूढानीलकण्ठको प्रतिमूर्ति बनाउन लगाए र सो मूर्ति आजसम्म हनुमानढोका दरबार परिसरमा रहेको छ । त्यसै बेलादेखि नेपालका गद्दिनसिन राजालाई बूढानीलकण्ठको दर्शन वर्जित रहेको थियो । वर्तमान समयमा पनि बूढानीलकण्ठ भगवान्को नित्य पूजारीहरूबाट स्नान, श्रृङ्गारको साथै श्रीखण्ड, चन्दन, केशरी, जौ, तिल, अक्षता, फूल, दुबो चढाई धूप, दीप, नैवेद्य, प्रसादमा मनभोग, मालपुवा समेत मिष्ठान्नको भोग लगाएर पञ्चोपचार एवं विशेष अवसरमा षोदशोपचारले वैदिक विधिपूर्वक भगवानको पूजा गर्छन् । दैनिक साँझ आरती हुन्छ र पूजाका लागि गुठीको व्यवस्थासमेत गरिएको छ । यस पवित्र तीर्थस्थलमा श्रावण महिनाभरका सोमबारहरू, कार्त्तिक शुक्लद्धादशी र वैशाख महिनाभर मेला लाग्ने चलन छ ।

सोंच (Vision) :

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ" को आधारशीला तयार गर्ने ।

बूढानीलकण्ठ नगरपालिकाको विशेषताहरू

- उत्तरतर्फ अग्लो हरियाली ४ कि.मी लामो महाभारत पर्वतीय श्रृङ्खलाको शोभायमान सौन्दर्य तथा हरियाली ग्रिन बेल्ट ।
- हिन्दु, बौद्ध र किराँत धर्मावलम्बीहरूको साझा आस्थाको केन्द्र, धार्मिक सहिष्णुताको अनुपम नमुना बूढानीलकण्ठ मन्दिर ।
- काठमाडौँको सभ्यता निर्माणमा महत्वपूर्ण योगदान दिने बाग्मती, बिष्णुमती, रूद्रमती (धोवीखोला) जस्ता नदीहरूको उद्गमस्थल तथा जलाधार क्षेत्र ।
- काठमाडौँ उपत्यकाको सबैभन्दा नजिकमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज ।
- नौलिङ्गेश्वरी भद्रश्वरी भद्रकाली, कपनगढी, खड्ग भद्रकाली, चुन्नीदेवी, पञ्चकन्या, गणेश, प्राचीन शिव मन्दिर, गुम्बाहरू जस्ता प्रसिद्ध दर्जनौँ धार्मिक केन्द्रको अवस्थिति ।
- शिवपुरीबाबा, टोड्केबाबा लगायत विभिन्न योगी तपस्वीहरूको तपोभूमि तथा विपश्यना ध्यानकेन्द्र जस्ता योग साधनाका केन्द्रहरू ।
- प्रत्येक बस्तीमा बाटोको सञ्जाल ।
- राष्ट्रिय निकुञ्जको काखमा शान्त र सुन्दर हावापानी भएको क्षेत्र ।
- न्युरो हस्पिटलको स्थापना ।
- बूढानीलकण्ठ स्कुल लगायत सयौँ विद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूको सञ्चालन ।

धरातलीय अवस्था

काठमाडौँको बाहिरी भागमा अवस्थित यस नगरपालिका पहिला पहिला काँठको नामले परिचित थियो । काँठको परिभाषा अन्तर्गत सहरी व्यवसाय भन्दा फरक अर्थात् कृषि व्यवसायलाई नै प्राथमिकतामा राखिने गरिन्छ, र त्यो कृषि केही व्यापारिक प्रयोजन र केही निर्वाहमुखी गरी मिश्रित हुने गर्दछ । त्यसैकारण यो

नगरपालिकाको नक्सामा भूभाग कृषिमा रहेको देखिन्छ । तर हाल यो भाग पूर्णतः कृषिमा मात्र नभएर बसोबाससँग पनि मिश्रित छ । यस नगरपालिकाको अवस्थिति उत्तरको शिवपुरी संरक्षण क्षेत्रसम्म फैलिएका कारण नगरपालिका भएर पनि यसमा झण्डै ४२ प्रतिशत भन्दा बढी भूभाग वनजङ्गल र बूट्यान छ । खासगरी दक्षिणी भागमा घना जनआवादी थपिदै नयाँनयाँ घर तथा आवास निर्माणले यस नगरपालिकाका बसाइ आउनेको सङ्ख्या बढेको देखिन्छ । प्राय सबै साबिकका खेती गरिने भू-भाग हाल आएर घर निर्माणमा परिवर्तन भएका छन् । माथिल्लो भागका भिराला पाखासमेत मानवीय निर्माणका चपेटामा परेका छन । विगत दुई दशकयता यस क्षेत्रमा जनसङ्ख्याको तीब्र बिस्तार भएको देखिन्छ । यस नगरपालिकामा चैत महिनादेखि असोजको प्रारम्भसम्म गर्मी र असोजदेखि फागुनसम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसमअनुसार विविध किसिमको रहेको छ । भौगोलिक विषमतायुक्त नगरपालिका भएकोले यहाँको उचाइ र अवस्थिति फरक फरक पाइन्छ । गृष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ ।

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा संक्षिप्त बजेट वक्तव्य

आदरणीय प्रमुख अतिथी ज्यू,

- माननीय प्रतिनिधी सभा र प्रदेश सभा सदस्यज्यूहरु
- सम्पुर्ण नगर सभा सदस्य ज्यू
- नगर सल्लाहकारज्यूहरु
- साथै बैठकमा आमन्त्रित सम्पुर्ण राजनैतिक दलका प्रतिनीधीज्यूहरु, पत्रकारहरु, सुरक्षा निकायका प्रतिनिधीहरु, बिभिन्न संघसंस्थाका प्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु, बिभिन्न क्षेत्रका बिशिष्ट ब्यक्तिहरु एवं कार्यक्रममा उपस्थित सम्पुर्ण महानुभावहरुमा नगरपालिकाको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्न चाहन्छु ।

आ.व २०७६।०७७ को लागि नगर सभा हुनु पुर्व उद्घाटन शत्रमा प्रस्तुत भएको आगामी बर्षको बार्षिक अनुमानित आय ब्यय बिवरण सहितको बजेट बक्तब्यलाई असार मसान्त सम्मको बिवरणमा आधारित भएर प्रस्तुत गरिएको छ ।

१. यस नगरपालिकाको तर्फबाट चौँथो नगर सभा बैठकमा आगामी आ.व २०७६।०७७ को कुल आय विवरण र अनुमानित व्यय विवरणको बजेट प्रस्तुत गर्न गईरहेको छु । यस अवसरमा देश, जनता र लोकतन्त्रको लागि बिभिन्न संघर्षहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको लागि एकताबद्ध रहेका महान नेपाली नागरिक र राजनैतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्दछु । जनप्रतिनिधीमुलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास, परिकल्पना गरेको **"समृद्ध नेपाल, सुखी नेपाली"** निर्माण गर्न सकिने प्रणाली स्थापित भएको छ । संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सह-अस्तित्वको मुल मर्मलाई पालना गर्दै प्राप्त भुगोल भित्र रहेको स्रोत, साधन र अवसरको अधिकतम उपयोग र परिचालनबाट समृद्धि तर्फ अघि बढ्ने आधार तय भएको छ ।

२. नेपाली जनताहरुको धेरै लामो सङ्घर्ष र बलिदानबाट हासिल गरेको युगान्तकारी राजनैतिक उपलब्धीको जगमा संवैधानिक रुपमा स्थापित भएका ७५३ स्थानीय तहका सरकार मध्ये नेपालको राजधानी- काठमाण्डौको उत्तरी शिरमा रहेको बूढानीलकण्ठ नगरपालिका धेरै जनसंख्या र शैक्षिक संस्था रहेको नगर हो । प्रशिद्ध ऐतिहासिक बुढानिलकण्ठ मन्दिरको नामबाट यसको नामाकरण भएको छ । उत्तर तर्फ शिवपुरी राष्ट्रिय निकुञ्जको हरीयो भिरालो पहाडी जंगल रहेको, दक्षिणतिर क्रमशः समथर मैदान भई काठमाण्डौ महानगर, टोखा र गोकर्णेश्वर नगरपालिका सँग जोडिएको छ । उत्तर तर्फ बिष्णुमती र धोबीखोलाको उद्गम बिन्दु र नगरको बीच भागबाट बहाव रहेको, प्राकृतिक रुपले मनोरम र यस नगरपालिका देशका धेरै नागरिकहरुको बसोबासको रोजाईमा परेको नगरपालिका भएको छ । आज पनि यस नगरपालिकाको बस्ती बिकास हुन बाँकी रहेको खाली क्षेत्रमा आवासको लागि जग्गा, घर घडेरीको माग तीब्र रहेको देखिन्छ ।

३. राज्यको पुर्नसंरचनासँगै देशको धेरै गाउँहरुलाई नगरपालिका बनाउने क्रममा काठमाण्डौ जिल्लाका साविक बूढानीलकण्ठ, चपली भद्रकाली, खड्का भद्रकाली, महाँकाल, चुनीखेल र कपन गरी ६ वटा गा.वि.सहरुलाई एकिकृत गरी २०७१ मंसिर १६ मा नेपाल सरकारले बूढानीलकण्ठ नगरपालिका घोषणा गरेको थियो । सुरुका बर्षहरुमा स्थानीय क्रियाशिल राजनैतिक दलहरुको संयन्त्र र नेपाल सरकारको कर्मचारीको नेतृत्वमा नगरपालिकाको संरचनागत प्रशासनीक ढाँचा विकास गर्दै २०७४ बैशाख ३१ गतेको ऐतिहासिक स्थानीय तह निर्वाचनबाट निर्वाचित नगर सभा टिम क्रियाशिल र कार्यरत रहेको छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य प्राप्तिको लागि हाम्रो नगरले आफ्नो भौगोलिक अवस्था, उपलब्ध प्राकृतिक साधनस्रोत, आर्थिक विकासका पूर्वाधारको स्थितिलाई ब्यापक छलफल पश्चात नगरको सोच, नारा तयार गरिसकेको छ, **"स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ"** तय भएको छ । नगरको अधिकांश भाग आवासीय क्षेत्रमा परिणत भैसकेको र बाँकी खाली भुभाग पनि आवासीय क्षेत्रमा जान हतारिएका, उद्योग, कल-कारखाना नरहेको र ठुला उद्योग बन्ने सम्भावना र अवस्था नरहेको, कृषि र पशुपालन ब्यवसायहरु हालसम्म केहि बाँकी रहेतापनि क्रमशः घट्दो अवस्थामा रहेको छ भने अन्य बिशेष खालको आर्थिक विकासको आधार तयार नभएको अवस्था छ । देशका उच्च पदस्थ, बरिष्ठ, विशिष्ट विज्ञ नागरिकहरुको रोजाई र बसोबास रहेको नगरका बूढानीलकण्ठ मन्दिर र आसपासका धार्मिक क्षेत्रहरुको एकिकृत धार्मिक कोरिडोर विकास र भिराला हरीयाली क्षेत्रहरुलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय गन्तब्यको रुपमा बिकास गर्नको लागि पर्यटन पूर्वाधारको योजना बनाउन सकिने सम्भावना देखिन्छ । तसर्थ नगरलाई स्वच्छ, सुरक्षित, शान्त र सेवा तथा आपूर्तीको हिसाबले आत्मनिर्भर बनाउने योजना र विशेष पर्यटन पूर्वाधार सहित रोजगारी र आयवृद्धिको योजना निर्माण गर्नु नै आजको विशेष प्राथमिकता हुनुपर्दछ ।

४. हाम्रो बूढानीलकण्ठ नगरपालिकाले राष्ट्रिय नीति, लक्ष्य र उद्देश्य पुरा गर्न बिशेष गरी ५ वटा महत्वपुर्ण बिषयगत विकास क्षेत्रहरुलाई आधार मानी आफ्नो योजना निर्माण गर्दै आएको छ । नगरको आवश्यकता, उपलब्ध साधनस्रोत, त्यसको अनुमान, योजना छनौट, प्राथमिकता, बार्षिक कार्यक्रम, कार्यान्वयन, अनुगमन, मुल्यांकन, समिक्षा, पुर्नबिश्लेषण र छलफलद्वारा नै आवधिक र बार्षिक योजना तय गर्ने नीति रहेको छ । नगरको दिगो र समग्र विकासको आवधिक विकास अवधारणा पत्र बिषयगत रुपमा तयार भई सार्वजनिक हुने क्रममा रहेको छ । नगरका मुख्य बिषयगत रुपमा विकासका प्राथमिकताका क्षेत्र निम्न अनुसार रहेका छन :-

- <u>भौतिक पूर्वाधार क्षेत्रहरुः</u> सडक, ढल, भवन संरचना, पुल-पुलेसा, खानेपानी संरचना, अन्य पूर्वाधार ।
- <u>आर्थिक विकासका क्षेत्रहरुः</u> कृषि, पशुपालन, उद्योग ब्यवसाय, बजार विकास, ब्यापार, सेवा ब्यवसाय, सहकारिता, पर्यटन प्रवर्द्धन, आयमुलक कार्यक्रमहरु ।
- <u>सामाजिक विकासका क्षेत्रहरुः</u> शिक्षा, स्वास्थ्य, युवा, खेलकुद, मानवीय विकास (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त, दलित, जनजाति, गरिव, पिछडा वर्ग, सिमान्तिकृत समुदाय उत्थान) भाषा संस्कृति, कला, साहित्य सिर्जना, प्रतिभा विकास आदि ।
- <u>सुशासन, सेवा प्रवाह, प्रशासन संरचनाः</u> दक्षता/क्षमता अभिबृद्धि, वित्तीय अनुशासन, कर, राजश्व, न्याय, कानून, कार्यविधी, विवाद निरुपण, उजुरी/गुनासो सुनुवाई आदि ।
- बन, वातावरण, फोहोरमैला ब्यवस्थापन र विपद व्यवस्थापन ।

५. वित्तीय हस्तान्तरण र आन्तरिक स्रोत परिचालनको अवस्थाः

नगरको भुगोल र त्यसमा बसोबास गर्ने जनसंख्या र जनताको मानवीय विकासको सुचकांकको आधारमा त्यहाँको विकासको अवस्था बिश्लेषण गरिन्छ । विकास गर्न त्यस ठाउँको आम्दानी स्तर, आर्थिक गतिविधी, आन्तरिक स्रोत र त्यसको व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । यस नगरपालिकाको राजश्वका क्षेत्रहरु पहिचान गरी अधिकतम स्रोत परिचालन गर्ने नीति लिईनेछ । यहाँ भित्र रहेका कर राजश्वका क्षेत्रको बिश्लेषण गर्दै करको दर वृद्धि भन्दा करको दायरा फराकिलो बनाउने नीति लिईएको छ । विगतमा कर र राजश्व सम्बन्धी अध्ययन, बिश्लेषण भन्दा परम्परागत रुपमा चालु आ.व मा प्राप्त भएको स्रोतलाई आधार मानी आगामी बर्षको आन्तरिक स्रोत अनुमान गर्ने गरिएको कारण लक्ष्य हासिल सफलता कमजोर रहेको थियो । तसर्थ यस आ.व देखि नगरको आन्तरिक स्रोतको सम्भावित क्षेत्रहरुको बिश्लेषण गरेर मात्र आर्थिक ऐन र स्रोतको अनुमान तयार गर्न सुरु गरिएको छ । चालु आ.व मा भन्दा आगामी आ.व मा अनुमानित लक्ष्य बढी हासिल हुने अपेक्षा गरिएको छ । हाम्रो न.पा मा दहत्तरबहत्तर शुल्क उठ्ने स्रोतहरु नभएको अवस्था छ । आगामी आ.व मा बहाल कर र व्यवसाय सेवा करलाई प्रभावकारी रुपमा उठाउन आवश्यक योजना कार्यान्वयन गर्ने योजना बनाईने छ । चालु आ.व मा २४ करोड ७ लाख आन्तरिक आय अनुमान गरिएकोमा असार मसान्त सम्म जम्मा रु. १८,८३,४५,२०२.२६ (अठार करोड त्रियासी लाख पैँतालिस हजार दुई सय दुई रुपैयाँ छब्बिस पैसा) उठेको छ । तसर्थ आगाामी आ.व. मा राजश्व सुधार कार्य योजना सहित करिव २० करोड ५१ लाख आन्तरिक आयको लक्ष्य पुरा गरी अघि बढ्ने विश्वास लिईएको छ । आ.व २०७६।०७७ को लागि नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक श्रोत समेतबाट जम्मा **१,५८,४०,५६,०००।- (एक अर्ब अन्ठावन्न करोड चालिस लाख छपन्न हजार मात्र)** को अनुमानित आयको लक्ष्य प्रस्तुत गरेको छु । चालु आ.व को आन्तरिक आम्दानी र प्राप्त हुने बित्तीय हस्तान्तरणको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

६. चालु आ.व को बजेट, खर्च अनुमान र स्थितिः

चालु आ.व. मा नगरको आन्तरिक स्रोत, राजश्व बाँडफाँड र सशर्त अनुदान समेत गरी **१,२१,२१,४०,०००।- (एक अर्ब एक्काईस करोड एक्काईस लाख चालिस हजार मात्र**) को बजेट र कार्यक्रम नगर सभाबाट पारित गरिएको थियो । चालु आ.व मा बिनियोजित योजनाहरु कार्यान्वयनमा असार मसान्त सम्म चालु र पूँजीगत तर्फबाट जम्मा रु. ६८ करोड दुई लाख ४ हजार ३ सय ५१ खर्च भएको छ । तर धेरै योजनाहरु सम्झौता भई कार्य सम्पन्न्न भईसकेको तर भुक्तानी दिन बाँकी रहेकोले ती योजनाहरुलाई जम्मा रु. ११ करोड ८६ लाख ६४ हजार आगामी आ.व मा भुक्तानी दिने व्यवस्था मिलाईएको छ । विविध कारणबाट पहिलो चौमासिक भित्र विकाास सहकार्यहरु व्यवस्थित तालिका अनुसार सुरु गर्न सकिएन । दोश्रो चौमासिकमा धेरै योजनाहरु सम्झौता भएको तर समय छउन्जेल काम गरौँला भनेर समय भित्र सम्पन्न गर्न नसक्ने र एकै पटक तेश्रो चौमासिकको अन्त्यमा हतारहतारमा धेरै कार्य सम्पन्न गर्ने प्रवृत्तिले आगामी योजना निर्माणमा समेत असजिलो परेको छ । समय भित्र विनियोजित योजना कार्यान्वयन हुन नसक्नुको कारण निम्न अनुसार छन :

- कर्मचारीहरुको अभाव र अस्थिरता कायम रहनु ।
- ऐन कानुन, कार्यविधी ठिक समयमा तयार नहुनु ।
- योजना कार्यान्वयन तालिका बनाउन नसक्नु ।
- प्राविधिक कर्मचारीहरुको पर्याप्त रुपमा व्यवस्थापन र क्षमता वृद्धि गर्न नसक्नु ।
- सार्वजनिक खरिद योजना बनाउन नसक्नु ।
- नगरपालिकाको प्रशासनिक शाखाहरुमा दरबन्दी, तह अनुसारको दक्ष कर्मचारी हुन नसक्नु ।
- धेरै प्रकारका स-साना बजेटका योजना कार्यान्वयन गर्न कठिन हुनु ।

- सार्वजनिक खरिद ऐनलाई पुर्ण पालना गरी योजना कार्यान्वयन गर्न ढिला हुनु ।
- टेण्डर, ठेक्का भन्दा उपभोक्ता समितिबाट मात्र योजना कार्यान्वयन गर्नुपर्दा समस्या देखिनु ।

अन्त्यमा, चालु आ.व को समस्या र अवस्थाबाट आगामी आ.व मा अनुभव, कार्यक्षमता बृद्धिले खरिद नियम कार्यान्वयन गर्दै शत प्रतिशत योजना कार्यान्वयन गर्ने सक्ने कार्ययोजना सहित अघि बढ्ने उद्देश्य राखिएको छ । बिगत २ बर्षको अनुभवबाट आगामी बर्षहरुमा उपलब्ध साधनस्रोतको पुर्ण उपयोग र सञ्चालन हुने छ र कार्यप्रगतिमा सुधार गर्ने प्रतिवद्धताका साथ प्रभावकारी कार्यतालिका निर्माण र चुस्त अनुगमन मुल्याङ्कनको व्यवस्था गरिनेछ ।

उपस्थित महानुभावहहरु, अब म ब्यय अनुमान प्रस्तुत गर्दछु ।

७. आगामी आ.व को ब्यय अनुमानः

हाम्रो नगरपालिकाको आय अनुमान **१,५८,४०,५६,०००।- (एक अर्ब अन्ठावन्न करोड चालिस लाख छपन्न हजार मात्र)** मध्ये आगामी आ.व को लागि चालु खर्च तर्फ रु. ५६,६८,९२,०००।- (छपन्न करोड अर्छ्ठी लाख बयान्नब्बे हजार) विनियोजन प्रस्ताव पेश गरेको छु । साथै नगरपालिकाको असार मसान्तसम्मको आय व्यय समेत प्रष्ट उल्लेख गरी सभाको वार्षिक नगर विकास योजना सार्वजनिक गरिने छ ।

त्यस्तै, १३ वडाहरुको लागि वडा स्तरीय योजनामा खर्च गर्नको लागि धेरै योजनाहरु सिफारिस भएर आए अनुसार सबैमा बजेट विनियोजन गर्न सक्ने अवस्था छैन । जनताहरुको अपेक्षा अनुसार एकै पटक धेरै योजनाहरु कार्यान्वयन गर्न नसकिने हुनाले प्राप्त योजनाहरुको प्राथमिकीकरण गरेर प्रत्येक वडाहरुलाई सरदर रु. २ करोडको हिसावले रकम विनियोजन प्रस्ताव गरेको छु । बिभिन्न संघसंस्थासँग मिलेर योजना कार्यान्वयन गर्न सकिने गरी समपुरक बजेट शिर्षकमा रु. ४ करोड विनियोजन गरेको छु । त्यस्तै नगरका बिभिन्न समितिहरुसँग बराबर लगानीमा योजना कार्यान्वयन गर्ने प्रस्ताव अनुसार सहलगानी कोषमा रु. ४ करोड प्रस्ताव गरेको छु । गतसाल भैपरी आउने शिर्षकमा रकम ब्यवस्था नहुँदा समस्या परेकोले यस पटक जम्मा २ करोड विनियोजन गरेको छु । नगरमा धेरै सडकहरु बनेका छन् । सडकको संरक्षण हुन नसक्दा मर्मत सम्भारमा ठुलो परिमाणमा श्रोत आवश्यक परेको छ । त्यसैले जथाभावी सडक खन्ने प्रवृत्तीमा कडाई गरिनेछ । जसले सडकमा क्षति पुऱ्याउँछ, उसले मर्मत सम्भार गर्नुपर्ने नीति लागु गरिने छ । यस बर्ष पहिलो पटक सडक तथा अन्य पूर्वाधार मर्मत सम्भारमा रु १ करोड ५० लाख विनियोजन प्रस्ताव गरेको छु । विपद व्यवस्थापन कार्ययोजना निर्माण गरी नेपाल रेडक्रसको SURE कार्यक्रमसँग सहकार्य गरिनेछ । त्यस्तै विपद ब्यवस्थापनको कार्ययोजना अनुसार कोषमा रु. ६० लाख प्रस्ताव गरेको छु । नगरपालिका भित्र रहेका गा.वि.स देखि, न.पा को सुरुवाती अवस्था देखि महत्वपुर्ण सहयोग पुऱ्याउँदै आउनुभएका स्थायी तथा करार कर्मचारीहरु तथा सम्पुर्ण नयाँ कर्मचारीहरुको कल्याणकोषमा रु. ५० लाख छुट्याएको छु । योजनाहरु कार्यान्वयन गर्दै गर्दा विनियोजित रकमले योजनाको थोरै भाग अधुरो हुन गई केही रकम थप गर्दा योजना पुरा हुने अवस्था आएमा योजना थप (VO) रकम स्वीकृत लिने अवस्थाको लागि जगेडा कोषमा रु. ५० लाख विनियोजन गरेको छु ।

भौतिक विकासका क्षेत्रहरुः

नगर सभा सदस्य ज्यूहरु, आमन्त्रित अतिथी ज्यूहरु, अब म नगरस्तरीय बिषयगत क्षेत्रका विकास योजनाहरु प्रस्तुत गर्न चाहन्छु ।

उपलब्ध साधनस्रोतको बाँडफाँड गर्दा सबै ठाउँबाट भौतिक पूर्वाधार विकास क्षेत्रमा नै बढी माग हुने गरेको छ । आर्थिक विकास र सामाजिक विकासमा ठोस योजना बनाउन र कार्यान्वयन गर्न माग बिषयगत क्षेत्रका लाभग्राहीहरु बाहेक नेतृत्व बर्गको तर्फबाट ठोस योजना बनाउन सकिएको छैन । तसर्थ, आगामी आ.व मा न.पा. को मुख्य प्रशासनीक भवन पुरा गरी सञ्चालनमा जान रु. ५ करोड विनियोजन प्रस्ताव गरेको छु । कपन ह्याण्डबल मैदानमा गत बर्ष विनियोजन गरिएको १ करोड रकम विविध कारणले कार्यान्वयन गर्न सकिएन, तसर्थ यस बर्ष रु. ३ करोड विनियोजन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । तीन बर्षदेखि नगर अस्पताल निर्माणको प्रस्ताव भए पनि विविध कारणले ठोस रुपमा कार्यान्वयनमा समस्या परेकोले यस बर्ष प्राथमिकताका साथ कार्यान्वयन गर्न श्रोत ब्यवस्थाको लागि प्रतिनिधी सभा र प्रदेश सभाका माननीय सदस्यज्यूहरुसँग बिशेष अनुरोध गर्दछु । यसको लागि न.पा को तर्फबाट रु २ करोड विनियोजन गरेको छु । नगरको ३ वटा वडा कार्यालयहरु बहालमा घर लिएर चलाउनु परेको छ । तसर्थ जि.स.स, प्रदेश सरकार र संघीय सरकारसँग मिलेर भवन निर्माण गर्न न.पा को तर्फबाट समेत रु. ३ करोड प्रस्ताव गरेको छु । उचित ठाउँमा जग्गा प्राप्त भए वडा कार्यालय सहित बहुउद्देश्यीय भवन निर्माण गर्न नगर विकास कोषसँग सहकार्य गर्ने योजना बनाईएको छ । नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण, पार्कको डि.पि.आर निर्माण गर्न र उपयुक्त जग्गा प्राप्त भएमा शौचालय निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

नगर स्तरीय योजना भनेको एउटा सानो टोलको बाटो वा अन्य योजना नभई कम्तीमा दुई वा सो भन्दा बढी वडा र जनसंख्यालाई प्रभाव पार्ने योजना हुनुपर्दछ । तसर्थ, बिगत केहि बर्षदेख क्रमागत रुपमा बन्दै आएका र केही रणनैतिक रुपमा महत्व राख्ने नगर स्तरीय सडकमा स्रोत अनुसार क्रमागत बजेट विनियोजन गरेको छु । खानेपानीको स्रोत भएको ठाउँमा योजना माग भएमा उपलब्ध गराउने गरी साना खानेपानी योजनाहरुको लागि विशेष प्राथमिकताका साथ बजेट ब्यवस्था गरेको छु । ठुला र बृहत खानेपानी योजना प्रदेश र संघीय सरकारको तर्फबाट तयार गरी नगर र उपभोक्ताहरुको सहभागितामा कार्यान्वयन गर्दै जाने योजना बनाएको छु । समग्रमा भौतिक पूर्वाधार तर्फ करिव ३० करोड बिनियोजन गरिएको छ ।

आर्थिक विकासका क्षेत्रहरु:

नगरको अधिकांश भुभाग आवास बस्ती क्षेत्रले ओगटेको, खाली कृषियोग्य जग्गाहरु कम हुँदै गरेको, पशुपालन क्षेत्रहरु घट्दै गएको, उद्योग, कलकारखानाका क्षेत्र नगन्य रहेको, पर्यटन पूर्वाधार विकासको सम्भावना भएता पनि विकास गर्न नसकिएको, कुनै प्राबिधिक बिद्यालय पनि नरहेको कारण आर्थिक विकासको अवस्था चुनौतीपुर्ण रहेको छ । शैक्षिक बेरोजगारको अवस्था बढ्दो छ । तसर्थ नगरमा कृषि, पशुपालन, उद्यमशिलता प्रर्वद्धन, रोजगार विकासको लागि प्रदेश र संघीय सरकारको तर्फबाट प्राप्त सशर्त कार्यक्रम बाहेक ४ करोड १५ लाख विनियोजन गरेको छु । नगरबासीको माग र आवश्यकता पुरा गर्न कृषि बजारको क्षेत्रमा केही प्राथमिकता दिईएको छ । आगामी आ.व. भित्र कृषि उत्पादन बिक्रि स्थल (बजार) निर्माण गरिनेछ । यसको लागि ईच्छुक कृषि विकास संस्थासँग सहकार्य गरिनेछ ।

पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन:

"स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ" हाम्रो नगरको **"सोच नारा"** (Vision Statement) हो । यहाँको बस्तीयोग्य भुभाग मध्ये ७० प्रतिशत आवास क्षेत्रले भरिसकेको छ । बाँकी भुभाग पनि तीव्र आवास क्षेत्रमा परिणत हुन खोज्दैछ । कृषियोग्य भुमी रहने अवस्था छैन । उद्योग, कल-कारखाना, ब्यवसाय, प्रतिष्ठान खोल्न बेग्लै जग्गा उपलब्ध हुने सम्भावना कम छ । जलविद्युतको कुनै सम्भावना छैन । ७७ जिल्लाका मानिसहरु बसोबास गरेका छन् । सयौँ पर्यटकहरु शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र, बूढानीलकण्ठ मन्दिर क्षेत्र, यहाँ रहेका दर्जनौ गुम्बाहरुमा दैनिक रुपमा आउने गरेका छन् ।

बूढानीलकण्ठ स्कुलमा ७७ जिल्लाका बिद्यार्थीहरु आवासीय रुपमा पढ्न बसेका छन् । दिनहुँ हजारौँ मानिसहरु आफन्तकोमा आउनेजाने गर्दछन् । नगरपालिकाको उत्तरतर्फको पुरा क्षेत्र प्रशिद्ध बूढानीलकण्ठ मन्दिर, बिष्णुमतीको शिर, उद्गम क्षेत्र, बिष्णुपादुका, शिवपुरी पर्वत, बाग्द्वार प्रवेशक्षेत्र सहितका अग्ला, भिराला भागहरुबाट काठमाण्डौ उपत्यकाको रमाईलो दृश्यावलोकन गर्दै रमाउन सकिने अवस्था छ । तसर्थ, यस क्षेत्रमा रहेको ती अग्ला डाँडाहरुमा हरीयाली, मनोरञ्जनपुर्ण पार्क, होटल, रिसोर्ट, बैठक हल, संग्रहालय, ध्यान केन्द्र, ईको पार्क, अध्ययन केन्द्र, साहित्य सिर्जनाका सिर्जनाग्राम, खेल, साहसिक पर्यटन पूर्वाधार निर्माण गर्न र प्रचारप्रसार गर्न सके व्यवसायिक पर्यटन विकास र प्रवर्द्धन गर्न सकिने प्रशस्त सम्भावना छ । तर उपयुक्त जग्गाहरु बनक्षेत्रमा रहेको अवस्थाले पर्यटन पूर्वाधार निर्माण योजना बनाउन कानुनी जटिलता छ । तसर्थ ऐन, नियममा केही खुकुलो पारी केही उपयुक्त पूर्वाधारको डि.पि.आर तयार गरी प्रदेश सरकार र केन्द्रिय सरकारसँग समन्वय गरी योजना कार्यान्वयन गर्न डि.पि.आर तयार गरी गुणस्तरीय वातावरणीय सन्तुलनमा ध्यान दिई व्यवसायिक पर्यटन विकास गरी आर्थिक समृद्धिमा प्रगति गर्नुको अर्को बिकल्प देखिँदैन । तसर्थ, चिसिनी आईतबारे पार्क, डुगुर्ने डाँडा पर्यटकिय पार्क, पञ्चकन्या वनक्षेत्रमा शिवमुर्ती सहितको ध्यान केन्द्र, चुनीखेल नमुना पर्यटकीय नगरी आवास क्षेत्र, बिष्णुमती कोरिडोर आवास क्षेत्र, कपन जगडोल तारेभिर साईकल मार्ग, केबलकार सहितको शिवपुरी पर्यटन योजना, संग्रहालय सहितको सिर्जनाग्रामको डि.पि.आर तयार गरी योजना अघि बढाउन बजेटको व्यवस्था गरेको छु । यस्तै बूढानीलकण्ठ मन्दिरको बृहत गुरुयोजना सहित आवश्यक दिगो पूर्वाधारको लागि छिटो अध्ययन गरी कार्यान्वयनको लागि बजेट व्यवस्था गर्न प्रदेश सरकार, संघीय सरकार र दाताहरुको सहयोगबाट कार्यान्वयन गर्ने योजना सहित अध्ययन र योजना निर्माणको लागि केही बजेट व्यवस्था गरेको छु ।

सामाजिक विकासका क्षेत्रहरु:

मानव समुदायको विकास, उन्नती र खुसी नै सामाजिक विकास हो । यो क्षेत्रको दायरा फराकिलो छ । यस क्षेत्रमा पर्ने शिक्षा र स्वास्थ्यलाई बिशेष प्राथमिकतामा राखी विविध क्षेत्रका बरिष्ठ नागरिक, बिषय बिज्ञहरुसँगको राय सल्लाहबाट प्रभावकारी योजना बनाई, कार्यान्वयन गर्ने गरी नगरपालिकाको बजेटबाट करिब ५ करोड ९५ लाख बजेट बिनियोजन गरेको छु । शिक्षा, स्वास्थ्य र सामाजिक विकासको लागि प्रदेश र संघीय सरकारबाट गत बर्ष करिब ११ करोड रुपैयाँ सशर्त अनुदान प्राप्त भएको थियो । सो आगामी आ.व मा पनि निरन्तरता हुनेछ । सशर्त अनुदानको धेरै जसो रकम शिक्षा क्षेत्रका शिक्षकहरुको तलव र स्वास्थ्य क्षेत्रका स्वास्थ्यकर्मीहरुको तलवमा खर्च हुँदै आएको छ । त्यस कारण यस क्षेत्रमा आवश्यकता अनुसार श्रोत अभाव छ । युवाहरुको चारित्रिक र शारिरिक विकास, प्रोत्साहन र खेलकुद विकासमा रु. १ करोड २० लाख छुट्याएको छु । कर्पोरेट संस्थाहरुसँग मिलेर खेलकुद विकास र प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन र सहयोग गरिने छ । खेल पूर्वाधारमा कपन ह्याण्डबल बहुउद्देश्यीय पूर्वाधार योजना, धनेश्वर फुटबल मैदान, बास्केटबल मैदान, चुनीखेल खेल मैदान, गोल्फुटार खेल मैदानको विकास, सञ्चालन र असल व्यवस्थापन गर्न खेल विज्ञ र राष्ट्रिय खेलकुद परिषदसँग समन्वयात्मक कार्य गरिनेछ । बू.न.पा १३ मा निर्माणाधिन क्रिकेट मैदानको निर्माण र व्यवस्थापनमा स्थानीय समुदाय र नगरपालिकाको अपनत्व हुने गरी व्यवस्था र विधि बनाउन सम्बन्धित पक्षसँग सहकार्य गरिने छ ।

शिक्षा क्षेत्रको विकासमा गरेको लगानीको प्रतिफल तत्काल नदेखिने हुन्छ । धेरै लगानी लामो समय सम्म गर्नुपर्दा स्रोत व्यवस्थापनमा कठिन भए पनि भएका सार्वजनिक बिद्यालयहरु मध्ये पूर्वाधार राम्रो भएका बिद्यालयहरुलाई नमुनाको रुपमा विकास गर्न थप बजेट व्यवस्था प्रस्ताव पेश गरेको छु । सार्वजनिक र संस्थागत बिद्यालयसँग बीच सहकार्य गर्दै व्यवस्थापन र गुणस्तर सुधार योजना लागु गरी अनुगमनलाई सघन बनाईनेछ । प्रारम्भिक बाल शिक्षाको अवस्था सुधार योजना बनाईनेछ । प्राबिधिक र जीवनोपयोगी शिक्षामा बिशेष कार्यक्रम बनाई लागु गरिनेछ । प्राविधिक बिद्यालय स्थापनाको लागी

आवश्यक समन्वय गरिनेछ । प्राविधिक शिक्षालय स्थापनाको लागि उपयुक्त स्थल छनौट र आवश्यक योजना बनाई स्रोत व्यवस्थापनको लागि पहल जारी राखिने छ । शिक्षा क्षेत्रमा सुधार ल्याउन शशर्त अनुदान बाहेक रु. ३ करोड ४५ लाख छुट्याईएको छ ।

स्वास्थ्य क्षेत्रसँग सम्बन्धित वातावरण, फोहोरमैला, पानी गुणस्तर, खाद्य गुणस्तर, योग, व्यायाम आदि बिषयलाई बिशेष प्राथमिकता साथ अघि बढाउने नीति लिईनेछ । स्वास्थ्य बिमा र महिला, ज्येष्ठ नागरिकहरुलाई गाउँघर, घरदैलो घुम्ती स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीहरुलाई बिशेष प्रोत्साहित गर्ने कार्यक्रम बनाईनेछ । स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार गरिनेछ । स्वास्थ्य संस्था नभएको वडाहरुमा प्राथमिकताका आधारमा क्रमशः शहरी स्वास्थ्य सेवा केन्द्र स्थापना गरिने छ ।

"सुलभ स्वास्थ्य सेवा र स्वस्थ नगरवासी" को उद्देश्य पुरा गर्न स्वास्थ्य संस्थाहरु सुदृढिकरण, नगर अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरुको प्रभावकारी सञ्चालनको लागि नगर स्वास्थ्य नीति तयार गरी लागू गरिने छ । शशर्त अनुदान खर्च बाहेक आन्तरिक कोषबाट रु १ करोड २५ लाख छुट्याईएको छ ।

मानवीय विकासमा पिछडिएका र सिमान्तिकृत परिवारको पहिचान गरी "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन" भन्ने नारालाई सार्थक बनाउन उपयुक्त सहुलियत बिमा कार्यक्रम मार्फत सहयोग पुऱ्याउने नीति लिईनेछ । मानवीय बिकास कार्यक्रम अन्तर्गत पूँजीगत बजेटबाट रु. २ करोड १० लाख बिनियोजन भएको छ ।

नगरमा आधा भन्दा बढी संख्यामा रहेका महिलाहरुको लागि महिला शशक्तिकरण कार्यक्रम, सीप तथा रोजगार प्रवर्द्धन, लैङ्गिक असमानता बिरुद्ध अभियान र विकासमा महिला साझेदार कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ बिभिन्न वडाहरुबाट समेत कार्यक्रम समावेश गरिएको र छुट्टै २० लाख छुट्याएको छु ।

युवाहरुलाई उद्यमशिलता तालिम दिन, सामाजिक विकासमा क्रियाशिल बनाउन बजेटको व्यवस्था गरिएको छ । आगामी बर्ष **"युवाको जागरः समृद्धिको आधार"** राष्ट्रिय उद्देश्यलाई सार्थक बनाउन स्वरोजगार योजना प्रभावकारी बनाउन **"युवासँग मेयर"** बिशेष अभियान सञ्चालनको लागि कार्यक्रम बनाईनेछ ।

वन, वातावरण, फोहोरमैला तथा विपद व्यवस्थापनको क्षेत्रः

स्वच्छ, हराभरा, वातावरणमैत्री नगरपालिका निर्माण कार्यमा सम्पुर्ण नगरवासीहरुको सकारात्मक सोच, सचेतनता, संलग्नता र सहभागिता जरुरत पर्दछ । यसको लागि हरेक नगरवासीको आफ्नो निजी घरमा उत्पादन हुने फोहोर व्यवस्थापन गर्ने दायित्व रहन्छ । सार्वजनिक फोहोर संकलन र व्यवस्थापन गर्ने क्रममा आम नगरवासीहरुको सक्रिय सहभागिता आवश्यक पर्ने हुन्छ । सो को लागि वातावरणसँग सम्बन्धित संस्था, फोहोर व्यवस्थापन गर्दै आएका संस्थाहरु र आम टोल समितिहरुसँग सहकार्य गर्ने गरी बजेटको व्यवस्था गरेको छु । आगामी वर्ष शहरी वातावरण र सडक क्षेत्रको **"बिशेष सरसफाईको लागि नागरिक अभियान"** कार्यक्रम सञ्चालन गरिने छ । नगरको बन, बातावरण, फोहोरमैला व्यवस्थापन योजनाको लागि रु. २ करोड २० लाख बिनियोजन गरिएको छ ।

विपद व्यवस्थापन स्वयंसेवक, समुह, बिपद व्यवस्थापन क्षमता, दक्षता विकास र आवश्यक सामाग्री सहितको व्यवस्था गर्न रु. ४० लाख बजेट छुट्याएको छु । प्रदेश सरकारको तर्फबाट दमकल उपलब्ध गराउने प्रतिवद्धता अनुसार खरिद प्रक्रिया सुरु भईसकेको छ । स्थानीय सुरक्षाकर्मीहरुसँग मिलेर दमकल सञ्चालन तथा व्यवस्थापन गर्ने योजना रहेको छ । नदि कटान, बाढि पहिरो, भुक्षय नियन्त्रणको लागि धेरै बजेट आवश्यक पर्दछ । पर्याप्त बजेट व्यवस्था गर्न समस्या भएकोले प्रदेश सरकार र संघीय सरकारसँग थप बिशेष सहयोगको लागि अनुरोध र पहल गरिने छ । हरेक विकास निर्माणका कार्यहरुमा जोखिम न्युनीकरण नीति लाई दिगो विकासको मुल-मन्त्रको रुपमा पालना गर्ने नीति लागु गरिनेछ । विगत बर्षदेखि चल्दै आएको SURE (नेपाल रेडक्रस सोसाईटि) को कार्यक्रमसँग सहकार्य गर्दै विपद व्यवस्थापनमा नगरलाई सुदृढिकरण गरिनेछ ।

सुशासन, सार्वजनिक सेवा प्रवाह र संरचना व्यवस्थापनः

हाल को भाडाको भवनमा नगरपालिकाको मुख्य प्रशासनिक कार्यालय चलेको छ । पर्याप्त ठाउँ छैन । थप व्यवस्था गर्न अनुकुल नभएकोले निर्माणाधिन मुख्य कार्यालय भवन छिटो निर्माण सम्पन्न गरी कार्यालय सर्ने योजना बनाएको छु । नयाँ भवनमा आवश्यक फर्निचर, प्रवबधि जडान गर्न बजेट व्यवस्था मिलाइएको छ । भवनमा अपाङ्गमैत्री व्यवस्थाको लागि लिफ्ट जडानको लागि रकम व्यवस्था गरिएको छ । आ.व २०७६।०७७ लाई **"पारदर्शी प्रशासन, जनतालाई सुशासन"** सुधारको बिशेष योजना कार्यान्वयन बर्ष मानेर कार्यान्वयन गरिने छ । सूचना, जनसंवाद र सामाजिक परिक्षणलाई व्यवस्थित गर्न स्थानीय क्रियाशिल सञ्चार संस्थाहरुसँग सहकार्य गरी सुशासनलाई प्रभावकारी बनाईनेछ ।

जनताहरुलाई सुशासन प्रदान गर्न, उजुरी/गुनासो सुनुवाई र बिवाद निरुपणको लागि न्याय प्रणाली सुदृढ र सहज बनाउन आवश्यक पूर्वाधार सहितको ईजलास कक्ष व्यवस्थापन गरिनेछ । साथै स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेको कामलाई व्यवस्थित गर्न आवश्यक उचित ऐन, कानुन, नीति, नियम, कार्यविधी निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

राजश्व संकलनको योजनालाई बैज्ञानिक बिश्लेषण गरी करको दायरा फराकिलो बनाई प्रभावकारी असुली योजना सहितको राजश्व सुधार योजना कार्यान्वयन गरिने छ ।

नगरको सम्पुर्ण योजना र कार्यक्रम प्रभावकारी रुपमा लागु गरी सकारात्मक परिणाम प्राप्त गर्न निर्वाचित जन-प्रतिनिधीहरुको क्रियाशिलता, ईमान्दारी, नेतृत्वदायी भुमिकासँगै राष्ट्रसेवक कर्मचारीहरुको ईमान्दार र अनुशासित भुमिकाको आवश्यकता पर्दछ । जनताहरुलाई सरल र मुस्कान सहितको सेवा प्रदान गर्नु सबैको कर्तब्य र दायित्व हो । तसर्थ कर्मचारीहरुको सिप/क्षमता बिकास गर्न तालिमको व्यवस्था मिलाईनेछ । काममा ढिलासुस्ती, भोली भन्ने प्रवृत्ती, गैरजिम्मेवार प्रवृत्तीको अन्त्य गरी अनियमितता, भ्रष्टाचार माथी शुन्य शहनशीलता अपनाईने छ । यस आ.व मा नयाँ प्रशासनीक भवनबाट नगरवासीहरुलाई सुशासन बृद्धिको लागि पूँजीगत खर्चबाट रु. ५ करोड ८५ लाख बिनियोजन गरिएको छ ।

बिगत स्थानीय निकायमा भए गरेका कर्मचारीहरुको सुविधा र थप प्रोत्साहनका विविध व्यवस्थाको मुल्यांकन र बिश्लेषण गर्दै आगामी श्रावण १ गतेदेखि नगरपालिकाको तर्फबाट तलव, पारिश्रमिक प्राप्त गर्ने कर्मचारीहरुको जिम्मेवारी, भुमिका, काम, क्षमता र सेवा समयको आधारमा थप प्रोत्साहन भत्ताको नयाँ व्यवस्थाको कार्यविधी तयार गरी लागु गरिनेछ । नेपाल सरकारले बृद्धि गरेको थप तलवमान सबै कर्मचारीहरुलाई प्राप्त गर्ने व्यवस्था मिलाएको छु ।

नगरपालिकाले निम्न कुराहरुलाई प्राथमिकता दिएर अगाडि बढ्नेछ :

१. नगरपालिकामा नियमित बजेटबाट सञ्चालन हुने कार्यक्रम, शसर्त अनुदान मार्फत प्राप्त आयोजना र केन्द्रिय, प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनाबीच दोहोरोपन नहुने गरी योजना सञ्चालन गर्ने र योजनामा दोहोरोपन देखिएमा उक्त योजना स्वत रद्द गरी अन्य योजना संचालन गरिनेछ ।

२. कार्यक्रम कार्यान्वयनका लागि ऐन, नियम, कार्यविधी वा निर्देशिका आवश्यक पर्ने भए त्यस्ता दस्तावेज तयार पार्ने कार्य प्राथमिकताका साथ अगाडी बढाई दस्तावेज तयार गर्न नगरपालिकामा जनशक्ति वा क्षमता नभएमा परामर्शदाता वा बिज्ञहरुको सेवा प्राप्त गरेर नै भएपनि यथाशीघ्र तयार गरी अगाडी बढाईनेछ ।

३. बृहत प्रकृतिका आयोजना र कार्यक्रमहरुको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि नगरपालिकाबाट आफ्नो प्राविधिक जनशक्ति उपलब्ध नभएमा वा अन्य कार्य बोझका कारणले नसक्ने देखिएमा परामर्शदाताहरु परिचालन गरी बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी कार्यलाई तिब्रताका साथ अगाडी बढाईनेछ ।

४. सबै कार्यक्रम र योजना अन्तिम अन्तिममा धकेल्दा हतारमा पर्याप्त अनुगमन हुन नसक्ने वा बर्षातका कारणले गुणस्तरीय कार्य गर्न नसकिने तर्फ पनि सचेत रही समयमा नै काम गर्ने परिपाटीको सृजना गरी अगाडी बढाईने छ । साथै उपभोक्ता समितिले गर्न नसक्ने कार्य वा कामको प्रकृति हेरी अबका दिनबाट योजना टेण्डर प्रकृया अघि बढाईनेछ ।

५. केन्द्रिय, प्रदेशबाट हस्तारन्तरण भई आएका आयोजनाहरुलाई निम्न प्राथमिकता राखी कार्यान्वयन गरिनेछ ।

- ठेक्का लागि निर्माण प्रक्रिया अघि बढिसकेका अधुरो आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन प्रक्रियामा अगाडि बढाईने ।
- DPR तयार भएका तर कार्यान्वयन प्रारम्भ नभएका आयोजनाहरु श्रोत जुटेपछि मात्र कार्यान्वयनमा लगिनेछ ।

६. बूढानीलकण्ठ नगरपालिका भित्र प्राविधिक शिक्षालय स्थापना गरिने र बूढानीलकण्ठ स्कुललाई बिश्व बिद्यालयमा रुपान्तरण गर्नका लागि सम्बन्धित निकायमा पहल गरिनेछ । उक्त योजना कार्यान्वयन गर्न सम्भाव्यता सम्भाव्यता अध्ययन गर्न बिशेषज्ञहरुको समिति गठन गरी अगाडि बढाईनेछ ।

७. कुन सडकको चौँडाई कति हुन्छ भन्ने मापदण्ड तोकेर मात्र निर्माण कार्य अगाडि बढाई कार्यान्वयन गरिने छ ।

८. एउटा वडाबाट अर्को वडा जोड्ने सडकको स्तरोन्नती तथा मर्मत सम्भार गर्ने र नयाँ बन्ने सडकको निश्चित मापदण्ड तोकी निर्माण कार्य अगाडि बढाईने छ ।

९. नगरपालिका भित्र बसोबास गर्ने सुकुम्बासीहरुको लागत तयार तरी सुकुम्बासीहरुको मापदण्ड तथा जाँचबुझ गरी सुकुम्बासीलाई व्यवस्थित बसोबास गर्नका लागि संघीय/प्रदेश सरकारलाई बजेट व्यवस्थापनका लागि अनुरोध गरिने छ ।

१०. नगरपालिका भित्रका कर्मचारीहरुको काम गर्ने र नगर्नेहरुको सही मुल्यांकन गरी दण्ड र पुरस्कारको नीति अपनाई कडाईका साथ लागू गरिने छ ।

११. "प्रत्येक घरको सन्देश,जातीय छुवाछुत प्रथाको पुर्ण बन्देज" भन्ने नारालाई सफल बनाउन गैह्रदलित र दलित बीच अन्तरक्रिया कार्यक्रम गर्दै जेठ २१ गते जातीय छुवाछुत उन्मुलन दिवस मनाउने गरी जनजागरण मार्फत अगाडि बढाईनेछ ।

१२. सरकारी बिद्यालयमा शिक्षा नियमावली अनुसार बिद्यालयका प्रधानाध्यापक, बिद्यालय व्यवस्थापन समिति र अभिभावक संघ भए नभएको शिक्षा समितिले अनुगमन गरी शिक्षा नियमावलीले व्यवस्था गरे बमोजिम तत्काल प्रक्रियामा जानका लागि कार्यान्वयन गरिनेछ ।

१३. घरनक्सा पास प्रक्रियालाई डिजिटल (बिद्युतीय) बनाउने प्रक्रिया अगाडी बढाईनेछ ।

१४. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई क्रियाशिल बनाई घरदैलो अभियान संचालन गरिनेछ ।

१५. सार्वजनिक जग्गा संरक्षण गरी उक्त जग्गामा के कस्तो संरचना बनाउने हो सो को DPR बनाई कार्यान्वयन प्रकृया अगाडि बढाईनेछ ।

१६. प्राचीन धरमपुर बस्तीलाई भवन निर्माण गर्दा उपयुक्त कार्यविधी बनाई लागु गरिनेछ ।

आदरणीय नगरसभा सदस्यहरु, अतिथीज्यूहरु, उपस्थित महानुभावहरु यस बूढानीलकण्ठ नगरपालिकाको स्थानीय तह निर्वाचन पश्चात तेश्रो वजेट नगर सभाको उदघाटन कार्यक्रममा आगामी आ.व. २०७६।०७७ को नगरको भनाई र आय व्यय अनुमान प्रस्तुत गरेको छु । यस अवस्थामा भर्खरै कर्मचारीहरु समायोजन भएर हाजिर हुने क्रम जारी छ । विभिन्न प्रकृति, परिवेश र ठाउँहरुमा काम गरेर भर्खरै स्थानीय तहमा आउनुभएका कर्मचारी संयन्त्र र एकैपटक धेरै विकास निर्माणका बवेट मागको दबावमा रहनुभएका जन-प्रतिनिधीहरु, नगरपालिका भित्रबाट प्रदेश र संघीय सरकारमा प्रतिनिधित्व गर्नुहुने आदरणीय माननीय ज्यूहरु, नगर भित्र वसोवास गर्नुहुने बिभिन्न विधा/क्षेत्रका अनुभवी विज्ञहरु, उच्च पदस्थ बरिष्ठ नागरिकहरु, नगर भित्रका विभिन्न संघसंस्थाका प्रतिनिधीहरु, शिक्षकहरु, स्वास्थ्यकर्मीहरु तथा आम नगरवासी महानुभावहरुको साझा दायित्व नगरको "समृद्ध नगरपालिका: सुखी र खुसी नगरवासी" को लक्ष्य हासिल गर्नको लागि सकारात्मक सहयोग र सहभागिताको हार्दिक अपेक्षा गर्दछु । सिमित साधन, स्रोत र वजेटबाट नगरवासीहरुको धेरै आवश्यकता र अपेक्षा एकै वर्षमा पुरा गर्न नसकिने कुरा सबैलाई

अवगत नै छ । संघीय सरकारबाट वजेट विनियोजन भएर कार्यान्वयन हुँदै गरेका धेरै योजनाहरुको कार्यप्रगति ढिला भएको कारण जनताहरुको असन्तुष्टि आगामी आ.व. मा सम्बोधन हुने आशा गरेका छौँ ।

अन्त्यमा, समग्र स्थानीय तहको विकासमा नगरपालिकाको व्यवस्थित योजना र कार्यक्रम तथा प्रदेश र संघीय सरकारको सहकार्य, सहयोग, सह अस्तित्वबाट नै समग्र मुलुकको अग्रगामी प्रगति बाट **"समृद्ध नेपाल र सुखी नेपाली"** को लक्ष्य हासिल हुने आशाका साथ बूढानीलकण्ठ नगरपालिकाको आ.व २०७६।०७७ को वार्षिक अनुमानित आय व्यय विवरण र प्राथमिकता क्षेत्रको संक्षिप्त प्रस्तुती अन्त्य गर्दछु ।

धन्यवाद,

जय बूढानीलकण्ठ नगरपालिका ।

बूढानीलकण्ठ नगरपालिकाको मिति २०७६ आषाढ १० गतेको बसेको चौथो नगर सभाको बैठकमा पेश भई २०७६ आषाढ २० गते सम्पन्न बैठकबाट पारित निर्णयहरुः

निर्णय नं. १

संलग्न अनुसूची-१ बमोजिमको गत आ.ब. २०७४/०७५ को यथार्थ, चालु आ.ब. २०७५/०७६ को संशोधित र आ.ब. २०७६/०७७ को अनुमानित **आय व्यय विवरण** स्वीकृत गर्ने ।

निर्णय नं. २

संलग्न अनसूची-२ बमोजिम यस नगरपालिकाको आ.ब. २०७६/०७७ को अनुमानित आय व्यय अनुमान सहितको वार्षिक नगर विकास नीति, बजेट तथा कार्यक्रम (नगरस्तरीय, वडास्तरीय) सहितको **विनियोजन विधेयक, २०७६** स्वीकृत गर्ने ।

निर्णय नं. ३

संलग्न अनसूची-३ बमोजिम यस नगरपालिका क्षेत्र भित्र लागु हुने कर तथा गैर करका दरहरु सहितको **आर्थिक विधेयक, २०७६** स्वीकृत गर्ने ।

निर्णय नं. ४

बूढानीलकण्ठ नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७६ परिमार्जन सहित स्वीकृत गर्ने ।

निर्णय नं. ५

बूढानीलकण्ठ नगरपालिकाको **प्रशासकीय कार्यविधी (नियमित गर्ने) विधेयक, २०७६** स्वीकृत गर्ने ।

निर्णय नं. ६

आर्थिक बर्ष २०७५/०७६ मा नगर कार्यपालिका/नगर प्रमुख तथा कार्यालयबाट भए गरेका निर्णय एवं काम कारवाहीहरुलाई अनुमोदन गर्ने । संलग्न अनुसूची-४ बमोजिम तेश्रो नगर सभा पश्चात कार्यपालिकाको बैठकको निर्णयानुसार संशोधन गरी कार्यान्वयन भए अनुसारका योजनाहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकामा चालु आ.व. २०७५/०७६ आषाढ मसान्तसम्म कार्यरत स्थायी र अस्थायी कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. ८

महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न आ.ब. २०७४/०७५ को यस नगरपालिकाको आय व्ययको अन्तिम लेखा परिक्षण प्रतिबेदनमा औल्याएका बेरुजुहरु लेखा समितिको सुझाब अनुसार संपरिक्षण तथा फछ्यौंटका प्रकृयाहरु अगाडी बढाउन कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. ९

नगर सभाले निर्णय गर्ने भनी प्रचलित कानूनमा किटान भएका विषय बाहेक नीति कार्यक्रम, योजना, बजेट मापदण्ड, बजेट संशोधन (थपघट) र अत्यावश्यक बाधा अड्काउको सम्बन्धी कामको लागि तत्काल नगर सभाको बैठक बस्न नसक्ने भएमा त्यस्ता निर्णयहरु गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने ।

निर्णय नं. १०

नगरपालिकाले आफ्नो कोषबाट मात्र कार्यान्वयन गर्न सम्भब नभएका संलग्न अनुसूचि-५ बमोजिमका योजनाहरु कार्यान्वयनको लागि प्रदेश सरकार, संघीय सरकार र सरकारी वा गैरसरकारी संस्थाहरुसंग संयुक्त

रुपमा वा संघ/प्रदेशले एकल रुपमा कार्यान्वयन गर्न बजेट उपलब्धताको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं. ११

नगरपालिकालाई स्वच्छ, सफा, हराभरा र फोहरमैलाको उचित व्यवस्थापन योजना सहित वातावरण मैत्री नगरपालिकाको रुपमा निर्माण गर्न सबै नगरवासीहरुलाई क्रियाशिल रुपमा सहभागी गराउने नीति, कार्यविधी, कार्यक्रम निर्देशिका बनाई स्वीकृत गरी नगर कार्यपालिकाद्धारा अभियानको रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. १२

नगरपालिकाको तीन बर्षे राजश्व सुधार कार्ययोजना स्वीकृत गर्ने । साथै आ.ब. २०७६/०७७ लाई कर संकलन अभियान बर्षको रुपमा कार्यक्रम, कार्ययोजना र तालिका बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १३

नगरपालिका क्षेत्रभित्र २०७२ साल अगाडि स्वीकृति लिई वा स्वीकृति नलिएर बस्ती विकास मापदण्ड २०७२ तथा यस कार्यालयको स्वीकृत मापदण्ड भन्दा फरक गरी निर्माण गरिएका घर टहरा, भवन, पुर्वाधारको हालको मापदण्ड अनुसार बाटो, घाटो, सार्वजनिक स्थान पर्ने/नपर्ने एकिन गरी तोकिएको मापदण्ड भित्र रहेर कैफियत जनाई अभिलेखिकरण गर्न दण्ड जरिवाना तोकी पुनः आव्हान गर्ने अधिकार कार्यपालिकालाई दिने । साथै हालसम्म नगर कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम नियमानुसार अभिलेखिकरण गरिएको कार्यलाई अनुमोदन गर्ने ।

निर्णय नं. १४

नगरपालिका, वडा र मातहतका कार्यालयहरुबाट भए गरेका कार्यको प्रगति विवरण समेटी अर्धबार्षिक/बार्षिक प्रतिवेदन प्रकाशित गर्ने ।

निर्णय नं. १५

नगरपालिका क्षेत्रभित्रका तपशिलका योजनाहरु बहुवर्षीय (क्रमागत) योजनाको रुपमा बजेट उपलब्धता अनुसार क्रमशः कार्यान्वयन गर्दे जाने ।

१. साप्रेढुङ्गा-राममन्दिर सडक-वडा नं. ११

२. हेपाली-डठुगाँउ-खड्का गाँउ-पासीकोट ६ मीटर सडक-वडा नं. ६ र ७

३. कालिका पार्क निर्माण- वडा नं. २

४. जेष्ठ नागरिक पार्क- वडा नं. २

५. सिद्धेश्वर मन्दिर निर्माण- वडा नं. १०

६. कपन ह्याण्डबल पूर्वाधार विकास- वडा नं. १०

७. बूढानीलकण्ठ मन्दिर क्षेत्र विकास गुरुयोजना- वडा नं. ३

८. धनेश्वर फुटवल मैदान निर्माण योजना- वडा नं. ४

९. रुद्रमति मार्ग- वडा नं. ८

१०. शैलुङ्गेश्वरी मार्ग- वडा नं. ११

११. चिहाने खोला कोरिडोर- वडा नं. १३

निर्णय नं. १६

नगरपालिका भित्र अत्यावश्यक भइ कार्यान्वयन गर्नु पर्ने अवस्थामा पछि नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी विनियोजित बजेटको सिमाभित्र रहेर नगर प्रमुख र उप प्रमुखले उपयुक्त र प्रभावकारी योजना कार्यान्वयन गर्न सिफारिस गर्न सक्ने ।

निर्णय नं. १७

यस नगरपालिका भित्रका तपशिल अनुसारको सडकलाई नगर चक्रपथको रुपमा विकास गरी सडक पूर्वाधारलाई यथाशीघ्र प्राथमिकताका साथ निर्माण कार्य गर्न सडक निर्माणसंग सम्बन्धित कार्यालयसंग समन्वय र पहल गर्दै, निर्माण कार्य गर्न ठेक्का पाएका निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने ।

१. गोल्फुटार – कुमारीथान मन्दिर – आकाशेधारा कृष्ण मन्दिर – पैयाटार सहिद पार्क –जगडोल–कौडोल–गाम्चा –चपली–बूढानीलकण्ठ– चण्डेश्वरी– टोखा –च्यासीटोल– गोल्फुटार ।

२. गोल्फुटार –साप्रेढुङ्गा–आकाशेधारा साततले–आनिगुम्वा–कपनगुम्वा–चुनिखेल–चपली गोल्फुटार (पुन)

३. चपली घुम्ती–पासीकोट–चण्डेश्वरी सडक ८ मिटर विस्तार

४. हात्तीगौडा–विष्णुमती सडक ८ मिटर (निर्माणाधिन) पुरा गर्नुपर्ने

५. गोल्फुटार–हेपाली–विष्णुमती करिडोर सडक विस्तार (निर्माणाधिन) पुरा गर्नुपर्ने

६. गणेश स्कुल–लुडेखोला करिडोर–विष्णुमती करिडोर सडक ६ मिटर

७. धोवीखोला कोरिडोर

८. विष्णुमति कोरिडोर

९. आकाशेधारा-शंकरेडाँडा सडक

१०. शिव मन्दिर शहिद पार्क सडक

११. आकाशेधारा-राम मन्दिर सडक

१२. गोल्फुटार-हेपाली-च्यासिन्डोल-टोखा सडक

निर्णय नं. १८

यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षालाई व्यवसायिक, जीवनोपयोगी र स्वावलम्वी बनाउन विद्यालयहरु बीच आपसी सहयोग र समन्वयमा सामुहिक योजना निर्माण गरी उपयूक्त कार्ययोजना, कार्यविधी, निर्देशिका र स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न कार्यपालिकालाई निर्देशन दिने ।

निर्णय नं. १९

यस नगरपालिकाको सबै वडाले कम्तिमा १/१ वटा ठूला पार्क निर्माण गर्न आवश्यक विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्थानीय संघ, संस्था वा नगरपालिकाको सहयोगमा कार्यान्वयन गर्ने कार्यक्रम बनाउन वडा समितिहरुलाई निर्देशन दिने ।

निर्णय नं. २०

यस नगरपालिकामा नगर अस्पताल निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी भवन निर्माण गर्नको लागि आवश्यक पूर्वाधार र बजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने । साथै अस्पताल सेवा संचालन प्रक्रिया र क्षमता विकासको लागि सहयोग गर्न सम्वन्धित स्वास्थ्य संस्थासंग समन्वय र सहयोगको पहल गरी आगामी आर्थिक वर्षभित्र नगर अस्पताल सञ्चालन शुरुवात गर्न नगर कार्यपालिका र स्वास्थ्य शाखालाई निर्देशन दिने ।

निर्णय नं. २१

यस नगरपालिका भित्र एक प्राविधिक शिक्षालय स्थापनाको लागि सम्वन्धित संस्था, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) एवं राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्थाहरुसंग प्रस्ताव सहित पहल गरी जग्गाको उचित व्यवस्था मिलाउन कार्यपालिका र शिक्षा शाखालाई जिम्मेवारी दिने ।

निर्णय नं. २२

